'बालमैत्री नगर सुनवलको पहिचान, समृद्ध नगर हाम्रो अभियान'

सङ्घीयता पछिको

# नेपालको पहिलो बालमैत्री नगरपालिका

घोषणा समारोहमा

बालमैत्री स्थानीय शासन
Child Friendly Local Governance

## सुनवल नगरपालिकाका नगर प्रमुख

श्री भीम बहादुर थापा क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन

मिति: २०७५/०५/०३

Scanned with CamScanner

## सङ्घीय संरचनापछि नेपालकै पहिलो बालमैत्री नगर घोषणा समारोहमा सुनवल नगरपालिकाका नगर प्रमुख श्री भीम बहादुर थापा क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन-२०७५

घोषणा समारोहका प्रमुख अतिथि प्रदेश नं.५ का माननीय मुख्य मन्त्री शंकर पोखरेल ज्यू,
प्रतिनिधि सभाका माननीय सांसदज्यूहरू,
प्रदेश नं. ५ का माननीय मन्त्रीज्यूहरू,
प्रदेश नं. ५ का प्रदेशसभाका माननीय सांसद ज्यूहरू,
जिल्ला समन्वय समितिका प्रमुख ज्यू,
प्रमुख जिल्ला अधिकारी ज्यू,
विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुख ज्यूहरू,
गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष ज्यूहरू एवं प्रतिनिधि ज्यूहरू,
विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
विभिन्न सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
मञ्चमा आसिन विभिन्न निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरू,
सुरक्षाकर्मी, सञ्चारकर्मी, तथा निजी क्षेत्रका प्रतिनिधि ज्यूहरू लगायत
वर्तमानका साझेदार, भविष्यका कर्णधार प्यारा बालबालिका साथै सुनवल नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण सरकारी निकाय तथा गैरसरकारी संघसंस्था, नागरिक समाज एवं नगरवासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरू ।

वर्तमानका साझेदार र भविष्यका कर्णधार बालबालिकाको अधिकारको सुनिश्चितताका लागि बालबचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागीतालाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्दै नेपालको पहिलो बालमैत्री स्थानीय तहको रुपमा सुनवल नगरपालिकालाई घोषणा गर्ने यस ऐतिहासिक तथा गौरवमय घोषणा समारोहमा माननीय मुख्य मन्त्री ज्यू लगायत उपस्थित सम्पूर्ण विशिष्ट महानुभावहरूमा सुनवल नगरपालिका एवं समस्त सुनवल नगरबासीहरूका तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस ऐतिहासिक घडिमा शहिद विष्णुप्रसाद पाण्डे लगायत राष्ट्र निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

बालमैत्री स्थानीय शासनका सम्पुर्ण सूचकहरू पूरा गरी नेपालको पहिलो बालमैत्री स्थानीय निकायको रुपमा सम्बत् २०७२ जेष्ठ ३२ गते साविक सुनवल नगरपालिका (१० वटा वडा) बालमैत्री घोषणा भएको व्यहोरा सर्ववदितै छ ।



Scanned with CamScanner

संक्षेपमा उल्लेख गर्दछु।

बालमैत्री वडा सहित नगर निर्माणका लागि बालमैत्री नगर निर्माण कार्ययोजना र लगानी योजना बनाई बालअधिकारका चार क्षेत्रहरू बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता र संस्थागत सूचकका क्षेत्रमा काम भैरहेको छ। बाल बचाउको क्षेत्रमा १० वटा सूचकहरू प्राप्तिका लागि विशेष गरी गर्भवती देखि १००० दिनसम्मका आमाहरूलाई सुरक्षित मातृत्व, पोषिलो खानपान, पूर्ण स्तनपान बालबालिको मस्तिष्क विकासमा ध्यान दिनुपर्ने जस्ता विषयमा सचेतना, सबै सुत्केरी आमाहरूलाई रू.२,०००/- पोषण भत्ता थप, आयोडिनयुक्त नुनको प्रयोग, पानी शुद्धिकरण विधि तथा सरसफाई सम्बन्धी सचेतना प्रचार प्रसार नियमित अनुगमन जस्ता कार्यहरू सञ्चालन भए।

त्यस्तै गरी बाल संरक्षणका सूचकहरू प्राप्ति र समग्र बालबालिकाको संरक्षणका लागि बाल संरक्षण नीति तथा कार्ययोजना तयारी, जन्मदर्ता अभियान सञ्चालन र सचेतना, बालश्रम अनुगमन र पुर्नउत्थान, बाल विवाह न्युनिकरणका लागि सचेतना, बालबालिका माथी हुने हिंसा, शोषण तथा दुर्व्यव्यवहार न्यूनिकरणका लागि सचेतना र लागू पदार्थ दुर्व्यसनी विरुद्ध निरन्तर सचेतना र अनुगमनका साथै नगर क्षेत्रभित्र रहेका ६ जना अभिभावक विहिन बालबालिकालाई बालगृहमा राखी उनीहरूको संरक्षण शिक्षा र पालन पोषणको व्यवस्था मिलाईएको छ।

बाल विकासको क्षेत्र विषेश गरी शिक्षासंग सम्बन्धित क्षेत्र भएकोले विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै विद्यालय बाहिर रहेका र बीचमै विद्यालय छोडेका विद्यालय जाने उमेरका बालबालिकालाई पुनः विद्यालय प्रवेश गराउने कार्य भएको छ। विद्यालयमा बालमैत्री धारा, छात्रामैत्री शौचालय, बालविकास केन्द्र व्यवस्थापन र बालमैत्री पूर्वाधार व्यवस्थापनका लागि अत्यावश्यक अनुदान प्रदान गर्नुका साथै दण्डरहित शिक्षाको प्रतिवद्धता र कार्यान्वयन, शिक्षक शिक्षिकालाई बालमैत्री व्यवहार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै नियमित अनुगमन गरिएको थियो।

अर्थपूर्ण बालसहभागिताको सुनिश्चितताको लागि योजना निर्माणको क्रममा बाल भेला गरी बालबालिकाको योजनाहरू नगर विकास योजनामा समावेश गरिएको छ। विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति जस्ता स्थानीय संरचनाहरूमा बाल सहभागिता सुनिश्चित गरिएको छ। बालक्लवका सदस्यहरूका लागि समय समयमा क्षमता विकास, बालक्लव सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

बालमैत्री स्थानीय शासनको संस्थागत विकासको निरन्तरताको लागि बालबालिकाको क्षेत्रमा आवश्यक बजेटको व्यवस्थापन गरिएको छ। बालमैत्री वडा र नगर निर्माणको लागि बालबालिका विभिन्न कार्यालय तथा निकायहरू, शैक्षिक संस्था, घरपरिवार र समुदायले पालन गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याएको



छ। बालबालिकाको अवस्था झल्किने गरी वस्तुगत विवरण र स्थितिपत्र तयार गरिएको छ। बालमैत्री नगर घोषणा पश्चातको दिगोपनाका लागि रणनितिक योजना निर्माण भई नगरसभाबाट पारित समेत भईसकेको छ। बालमैत्री नगर तथा वडा समितिहरूका साथै नगरस्तरको बालसंरक्षण समिति क्रियाशिल छन्। साथै पहिलो पटक सुनवलको परिकल्पनामा नेपालका सबै स्थानीय तहले बालमैत्री स्थानीय शासनको विषयमा अध्ययन अवलोकन तथा अनुसन्धान गर्न सहजता ल्याउनका लागि बालमैत्री सिकाई केन्द्र निर्माण गरिएको छ। देशलाई नै बालमैत्री बनाउने अभियानलाई सहयोग पुऱ्याउन सिक्ने सिकाउने थलोको रुपमा बालमैत्री सिकाई केन्द्रलाई सञ्चालन गर्नेगरी कार्य भईरहेको छ।

बालमैत्री स्थानीय शासनका लागि हासिल गरेका सूचकगत उपलब्धिहरूको विवरण र सञ्चालित क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति विवरण अनुसुचीमा उल्लेख भए बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु।

बालमैत्री स्थानीय शासनको यो अभियानलाई सफलतामा पुऱ्याउन नगरपालिकाको एकल प्रयासले मात्र सम्भव थिएन। यस कार्यलाई सफल बनाउन अहोरात्र खट्ने नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण संरचना तथा संयन्त्रको साथमा यहाँका विद्यालयहरू, प्रहरी प्रशासन, क्रियाशिल संघसंस्थाहरु लगायत विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू तथा स्वयं बालबालिकाहरूका साथै समग्र नगरवासीहरूको साथ र सहकार्यले मात्र सम्भव भएको हो। त्यस्तै जिल्ला स्थित जिल्ला समन्वयन समिति, जिल्ला स्तरीय बालमैत्री स्थानीय शासन समिति, जिल्ला बाल कल्याण समिति, प्रहरी प्रशासन तथा न्यायीक निकायहरू महिला तथा बालबालिका कार्यालय लगायत बालसरोकारका विषयमा प्रत्यक्ष र परोक्ष रुपमा सरोकार राख्ने निकायहरूको सहयोग, समन्वय र निरन्तरको अनुगमनबाट यस अभियानले सार्थक सफलता हासिल गर्न सकेको छ। यस महान अभियानलाई सफल पार्न प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा म हार्दिक धन्यवाद आभार प्रकट गर्दछु।

हाम्रो यस प्रयासलाई सार्थकता प्रदान गर्न र यस अभियानलाई दिगो रुपमा निरन्तरता दिन हौसला बढाउन आफ्नो अमूल्य समयका बाबजुद समय दिई नगरको वडा नं. ११, १२ र १३ का साथै सुनवल नगरपालिकालाई नेपालकै पहिलो बालमैत्री स्थानीय तहका रुपमा घोषणा गरी हामीलाई उत्साह प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री ज्यूप्रति म सुनवल नगरपालिका र समग्र नगरवासीका तर्फबाट विशेष धन्यवाद एवं

भीम बहादुर थापा क्षेत्री
नगर प्रमुख
सुनवल नगरपालिका
मिति २०७५/०५/०३



Scanned with CamScanner

अनुसूची : बालमैत्री स्थानीय शासनका सूचकगत उपलब्धीको तुलनात्मक विवरण ।
अनुसूची : बालमैत्री क्रियाकलापहरूको समग्र प्रगति विवरण ।

अनुसूची १

## बालमैत्री स्थानीय शासनका सूचकको अवस्था

सुनवल नगरपालिका वडा नं. ११, १२ र १३ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबालिकाको सूचकहरूको अवस्था यस प्रकार रहेको छ ।

### क. बाल बचाउ सम्बन्धी सूचकको अवस्था

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था % (२०७५) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको | ८७.३२ | ९७.१०% | ८० |
| एक वर्षभित्रका बालबालिकाले पूर्णरुपमा खोप पाएको | १०० | १००% | १०० |
| छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको | १०० | १००% | १०० |
| गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको | ९५.५० | ९६.२२% | ८० |
| गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको | ८४ | ८९.२४% | ८० |



| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था % (२०७५) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको | ९८.२५ | ९८.२५% | ८० |
| गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की खाएको | १०० | ८९.२४% | ८० |
| एचआईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकालाई ARV Prophylaxis दिएको | १०० | १००% | १०० |
| सबै घरधुरीमा शुद्ध खानेपानीको सुविधा भएको | १०० | १००% | १०० |
| साबुन पानीले हात धुने परिपाटीको विकास भएको | ९४.७३ | १००% | ८० |
| थप सूचक | | | |
| सबै घरपरिवारले आयोडिन युक्त नुनको प्रयोग गरेका हुनेछन् । | ९७.६८ | १००% | ८० |

### ख) बाल संरक्षणका सूचकहरूको अवस्था

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था% (२०७५,) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको | ६९.६३% | १००% | १०० |
| बाल विवाहको संख्यामा कमी आएको | १०.८१% | ५.५५% | ८० |
| निकृष्ट प्रकारको बालश्रम दर घटेको | ८ जना | ० जना | ८० |
| घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको | ० | १००% | ८० |



Scanned with CamScanner

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था% (२०७५,) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको | ० | १००% | ८० |
| थप सूचक | | | |
| लागूपदार्थ दुर्व्यसनी कम भएको हुनेछ । | १९ जना बालबालिका | १० जना बालबालिका | |

## ग) बालविकास सम्बन्धी सूचकहरूको अवस्था

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था % (२०७५) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| ४ वर्ष सम्मका बालबालिकाहरू प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका | ९२.७१% (४ वर्ष उमेरका) | ९२.७३% (३-४ वर्ष उमेरका) | ८० |
| कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएका | १००% | १००% | १०० |
| ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका | ९८.३९% | ९८.५०% | ८० |
| औपचारिक शिक्षाबाट बंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको | त्यस्ता बालबालिका नभएको | नभएको | ८० |
| प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको | १०० | १००% | ८० |
| प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको | १०० | १००% | १०० |



| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था % (२०७५) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| **थप सूचक** | | | |
| प्रत्येक विद्यालयमा न्याम्पको व्यवस्था भएको हुनेछ । | | ८०% | ८० |

## घ) बालसहभागिताका सूचकहरूको अवस्था

| सूचक | आधार वर्षको अवस्था % २०७४) | हालको अवस्था% (२०७५) | घोषणाको लागी आवश्यक% |
|---|---|---|---|
| स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको | १००% | १००% | ८० |
| स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको | १००% | १००% | १०० |
| स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व गराउने संरचना निर्माण भएको | ० | १००% | १०० |
| स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको | ० | १००% | १०० |
| प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको | ५०% | १००% | १०० |
| जिल्ला, नगर तथा गाउँ तहमा बाल संजाल गठन भएको | ५०% | १००% | १०० |

## ङ. संस्थागत सूचकको अवस्था

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था% (२०७५) | घोषणाको लागी आवश्यक % |
|---|---|---|---|
| स्थानीय निकायको परिषद् बैठक नियमित रुपमा संचालन भएको हुनेछ | १०० | १००% | १०० |



Scanned with CamScanner

| सूचक | आधार वर्षको अवस्था % (२०७४) | हालको अवस्था% (२०७५) | घोषणाको लागी आवश्यक % |
|---|---|---|---|
| स्थानीय निकायहरूले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन । | ० | १००% | १०० |
| स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ । | ० | १००% | १०० |
| स्थानीय विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | १००% | १००% | ८० |
| स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | १००% | १००% | ८० |
| स्थानीयस्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरू संचालन भएका हुनेछन् । | १००% | १००% | ८० |
| स्थानीयस्तरमा बालक्लवहरूको सक्रियता रहनेछ । | ५० % | १००% | ८० |
| स्थानीयस्तरमा प्यारालिगल कमिटी जस्ता महिला समूहहरूको सक्रियता रहनेछ र यस्ता कमिटीहरू बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् । | ० | १००% | ८० |
| स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरूको प्रतिनिधित्व रहनेछ । | ५०% | १००% | ८० |
| बालबालिकाकालागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | ० | १००% | १०० |
| जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाका संग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ । | ० | १००% | ८० |
| बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ | ० | १००% | १०० |

अनुसूची २

# बालबालिकाबाट माग भए अनुरुप र आ.व.२०७४/०७५ को नगर योजनामा समावेश गरि संचालन गरिएका योजनाहरू

आर्थिक वर्ष २०७४/२०७५ खर्च बजेट

| सि.नं. | खर्च शीर्षक | बजेट | खर्च | कै. |
|---|---|---|---|---|
| १ | बनदेवी प्रा.वि. मा बालपूर्वाधार निर्माण सुनवल १३ | २५०,०००.०० | २५०,०००.०० | |
| २ | सुनवल आधारभुत विद्यालय मन्टेश्वरी कक्षा संचालन सुनवल १ | ६००,०००.०० | ४०५,४४९.०० | |
| ३ | सोमनाथमा रहेको बालउद्यान थप व्यवस्थापन सुनवल १ | २००,०००.०० | १९५,४१०.०० | |
| ४ | सरस्वती प्रा.वि. मुखियाटोलमा बालउद्यान तथा बालमैत्री संरचना निर्माण सु २ | ४५०,०००.०० | ४२५,३९१.०० | |
| ५ | नवदुर्गा प्रा.वि. बालउद्यान सुनवल ३ | ३००,०००.०० | ३००,०००.०० | |
| ६ | पन्चरत्न प्रा.वि. पचभैया बालउद्यान तथा बालमैत्री संरचना निर्माण | ४५०,०००.०० | ४५०,०००.०० | |
| ७ | युगज्योति प्रा.वि. नमुना मन्टेश्वरी सुनवल ३ | २००,०००.०० | २००,०००.०० | |
| ८ | चन्द्रोदय प्रा.वि. बालमैत्री शिक्षा तथा कार्यक्रम सुनवल ३ | ३००,०००.०० | २९७,१६८.०० | |
| ९ | देवकोटा क्याम्पस अगाडि बालउद्यान निर्माण रमवापुर सुनवल ४ | ८००,०००.०० | ५४०,५९५.०० | |
| १० | जनज्योति प्रा.वि.मा बालउद्यान निर्माण सुनवल ५ | २००,०००.०० | २००,०००.०० | |
| ११ | ज्ञान ज्योति बाल विकास केन्द्र बालउद्यान निर्माण सुनवल ५ | २००,०००.०० | १९७,१३९.०० | |
| १२ | भगवति नि.मा.वि. बालउद्यान निर्माण सुनवल ५ | ५००,०००.०० | ४७५,७८०.०० | |
| १३ | जनसेवा मा.वि.मा ई-पुस्तकालय निर्माण सुनवल ६ | ४००,०००.०० | ४००,०००.०० | |
| १४ | जनसेवा मा.वि. र बाल्मिकी प्रा.वि.मा बाल-उद्यान निर्माण तथा सशक्तिकरण सु ६ | ५००,०००.०० | ४६३,२८२.०० | |
| १५ | जनज्योति प्रा.वि. नमुना मन्टेश्वरी निर्माण सुनवल ७ | २५०,०००.०० | २०७,१२३.०० | |
| १६ | जनजागृति नि.मा.वि. बालउद्यान निर्माण सुनवल ७ | ६००,०००.०० | ६००,०००.०० | |
| १७ | अरनिको मा.वि. मन्टेश्वरी कक्षा संचालन सुनवल ८ | ५००,०००.०० | ४०५,१३०.०० | |
| १८ | अमरज्योति प्रा.वि. बाल उद्यान निर्माण सुनवल ८ | ३००,०००.०० | २९३,१०९.०० | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९ | पन्चरत्न प्रा.वि. नमुना मन्टेश्वरी संचालन सुनवल ९ | २५०,०००.०० | २२२,१४५.०० | |
| २० | प्रगति मा.वि. बालउद्यान निर्माण सुनवल ९ | ३००,०००.०० | - | |
| २१ | मदरसा भौतिक पूर्वाधार निर्माण बनकट्टी सुनवल ९ | ५०,०००.०० | - | |
| २२ | मदरसा भौतिक पूर्वाधार निर्माण स्वाठी सुनवल ९ | १००,०००.०० | - | |
| २३ | सरस्वती नि.मा.वि. बालउद्यान निर्माण सुनवल १० | २००,०००.०० | १६२,३१२.०० | |
| २४ | गैंडाखाल प्रा.वि. नमुना मन्टेश्वरी कक्षा संचालन सुनवल १० | २००,०००.०० | १८०,७८८.०० | |
| २५ | बाल उद्यान निर्माण धुसा सुनवल ११ | ३००,०००.०० | ३००,०००.०० | |
| २६ | सार्वजनिक नि.मा.वि. बालमैत्री पूर्वाधार निर्माण सुनवल ११ | १००,०००.०० | ९०,९४२.०० | |
| २७ | बाबा बर्दगोरिया प्रा.वि. बालमैत्री पूर्वाधार निर्माण सुनवल ११ | १००,०००.०० | १००,०००.०० | |
| २८ | जनशान्ति प्रा.वि. धुरकोट बालमैत्री पूर्वाधार निर्माण सुनवल ११ | १००,०००.०० | १००,०००.०० | |
| २९ | जयश्री प्रा.वि. बेवरे सुनवल ११ | १००,०००.०० | ९८,०२९.०० | |
| ३० | घुसा बाल उद्यान निर्माण, सुनवल ११ | २००,०००.०० | १८५,३९१.०० | |
| ३१ | सन्तोषी माँ मन्दिर परिसर बालउद्यान निर्माण सुनवल १२ | २२५,०००.०० | २२४,३६३.०० | |
| ३२ | जयदुर्गे प्रा.वि. बालमैत्री पूर्वाधार निर्माण सुनवल १२ | २२५,०००.०० | २१३,७९४.०० | |
| ३३ | जगन्नाथ मा.वि. बालमैत्री पूर्वाधार निर्माण सुनवल १२ | २२५,०००.०० | २२२,५७८.०० | |
| ३४ | जनता मा.वि. पूर्वाधार निर्माण सुनवल १२ | २२५,०००.०० | २२३,३१७.०० | |
| ३५ | सेवासदन प्रा.वि. मा पूर्वाधार निर्माण सुनवल १३ | २००,०००.०० | २००,०००.०० | |
| ३६ | धान्याञ्चल मा.वि. मन्टेश्वरी कक्षा संचालन सुनवल १३ | २५०,०००.०० | २५०,०००.०० | |
| ३७ | बालउद्यान निर्माण धान्याञ्चल मा.वि. | २००,०००.०० | १९७,१६१.०० | |
| ३८ | नगर स्तरीय बालमैत्री सिकाई केन्द्र सुनवल १ सोमनाथ | २,६००,०००.०० | २,६००,०००.०० | |
| ३९ | नगर स्तरीय बालबालिकाहरूको स्थितिपत्र तयार एवं प्रकाशन | ७००,०००.०० | ६००,०००.०० | |
| | जम्मा | १३,८५०,०००.०० | १२,४७६,३९६.०० | |
| ४० | बालमैत्री सम्पर्क ईकाई व्यवस्थापन | २००,०००.०० | १७०,३६१.०० | |



| | | | | |
|---|---|---|---|---|
| ४१ | बालमैत्री आचार संहिता निर्माण र सूचक निर्धारण सम्बन्धी गोष्ठी | २८,०७०.०० | २८,०७०.०० | |
| ४२ | बालमैत्री शासन बाल अधिकारको सम्मान विषयक मा.वि. स्तरिय वक्तृत्वकला | २८,३२०.०० | २८,३२०.०० | |
| ४३ | बालमैत्री स्थानीय तह अवलम्बन सम्बन्धी अभिमुखिकरण | ४०,१५०.०० | ४०,१५०.०० | |
| ४४ | तिजगित प्रतियोगिता | २४,९४८.०० | २४,९४८.०० | |
| ४५ | ब्रोसर प्रकाशन | ६२,१५०.०० | ६२,१५०.०० | |
| ४६ | बालमैत्री अध्ययन अवलोकन - आउने र जाने | १९७,५४४.०० | १९७,५४४.०० | |
| ४७ | पोष्टर छपाई | ७,०६२.०० | ७,०६२.०० | |
| ४८ | बालमैत्री स्थानीय शासन अभिमुखिकरण कार्यक्रम | ९०,०००.०० | ९०,०००.०० | |
| ४९ | बाल क्लवले गर्ने कार्य वडा नं. १३ | ८,७२०.०० | ८,७२०.०० | |
| ५० | बस्ती स्तरको बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ९०,०००.०० | ९०,०००.०० | |
| ५१ | बालमैत्री सूचक सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १२,०५३.०० | १२,०५३.०० | |
| ५२ | द्वन्द्वपीडित बालबालिकाहरूका लागि स्टेशनरी वितरण | १६,९५०.०० | १६,९५०.०० | |
| ५३ | राष्ट्रिय अर्न्तराष्ट्रिय बाल दिवस समारोह सम्मान पुरस्कार अर्न्तगतका कार्यक्र | ४०,८४५.०० | ४०,८४५.०० | |
| ५४ | बालक्लव संजाल र पूर्व पदाधिकारीहरूलाई अभिमुखिकरण र परिचालनका कार्यक्रम | ३१,४९४.०० | ३१,४९४.०० | |
| ५५ | आयोडिन नुनको प्रयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम | ५०,०००.०० | ५०,०००.०० | |
| ५६ | साबुन पानीले हात धुने र पानी शुद्धीकरण विधि सचेतना कार्यक्रम | ७०,४७०.०० | ७०,४७०.०० | |
| ५७ | विद्यालयलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम -११ १२ १३ | ५०,०००.०० | ५०,०००.०० | |
| ५८ | सुरक्षित मातृत्व तथा सुनौला हजार दिन सम्बन्धी सचेतना कार्यक्रम | ४५,०००.०० | ४५,०००.०० | |
| ५९ | एच.आई.भि. एड्स सम्बन्धी सचेतना कार्यक्रम | १५,०००.०० | १५,०००.०० | |
| ६० | बाल क्लवका पदाधिकारीहरूको क्षमता विकास तालिम | १३०,०००.०० | ५५,५००.०० | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६१ | विद्यालयमा सेनेटरी प्याड वितरण कोष स्थापना र अभिमुखिकरण | १००,०००.०० | ९१,३२८.०० | |
| ६२ | विद्यालयका बालमैत्री सम्पर्क शिक्षक बा.वि. केन्द्र शिक्षक र लै.स.शि. अभिमुखिकर | ५०,०००.०० | ३३,२८०.०० | |
| ६३ | विद्यालयका बालक्लबलाई सि एफ एल जी र बालअधिकार सम्बन्धि अभिमुखिकरण | ३०,०००.०० | १७,४६०.०० | |
| ६४ | बाल विवाह न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम | ६०,०००.०० | ३७,७३०.०० | |
| ६५ | बालमैत्री स्वयमसेवकका लागि खाजा खर्च | ८५२,७५०.०० | ८५२,७५०.०० | |
| ६६ | बालक्लबले गर्ने कार्यक्रम | ७३,३९५.०० | ७३,३९५.०० | |
| ६७ | बालक्लबले गर्ने विभिन्न कार्यक्रम | ४५,०००.०० | ४५,०००.०० | |
| ६८ | बाल संरक्षण योजना निर्माण | ४५,०००.०० | ४५,०००.०० | |
| ६९ | बालबालिकाको आवधिक र वार्षिक लगानी योजना निर्माण | ५०,०००.०० | ५०,०००.०० | |
| ७० | बालमैत्री घोषण पश्चातको दिगोपना रणनीतिक योजना निर्माण | १००,०००.०० | १००,०००.०० | |
| ७१ | बालमैत्री शासन बाल अधिकारको सम्ममान विषयक वक्तृत्वकला प्रतियोगिता | २६,७६०.०० | २६,७६०.०० | |
| ७२ | मानव बेचविखनका समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रम | ५०,०००.०० | ५०,०००.०० | |
| ७३ | बाल भेला | २७,७५०.०० | २७,७५०.०० | |
| ७४ | नगर बाल संजाललाई परिचय पत्र र टि-सर्ट खरिद | २१५,२५०.०० | २१५,२५०.०० | |
| ७५ | बालमैत्री खाजा अतिथि सत्कार | ८,१६०.०० | ८,१६०.०० | |
| ७६ | जन्मदर्ता अभियान | ५०,०००.०० | ५०,०००.०० | |
| ७७ | भित्तेलेखन/होडिङ्गबोर्ड | ९९,३६०.०० | ९९,३६०.०० | |
| ७८ | एकदिवसीय बालश्रम र लागू पदार्थ दुर्व्यसनि न्यूनिकरण सम्बन्धी अभिमुखिकरण | ५०,०००.०० | ५०,०००.०० | |
| ७९ | जयश्री प्रा.वि. बेवरे खानेपानी फिल्टर सुनवल ११ | ६१,५०९.०० | ६१,५०९.०० | |
| ८० | विभिन्न बालक्लबहरूले सम्पादन गरेका विभिन्न कार्यक्रम | ६६,५००.०० | ६६,५००.०० | |
| ८१ | अभिमुखिकरण कार्यक्रम, बालक्लब बैठक, सरोकारवालाको बैठक खर्च | २५,४१०.०० | २५,४१०.०० | |
| ८२ | स्वयमसेवक छनौट, फर्निचर र आवश्यक कार्यालय सामाग्री | ६,०००.०० | ६,०००.०० | |
| ८३ | बालमैत्री आचार संहिता सम्बन्धी फ्लेक्स चार्ट निर्माण | ३६,०००.०० | ३६,०००.०० | |
| ८४ | आधारभूत संचार सीप अभिमुखिकरण कार्यक्रम | ४९,५००.०० | ४९,५००.०० | |
| ८५ | बालमैत्री अनुगमन तथा बैठक भत्ता | ६७,०००.०० | ६७,०००.०० | |
| ८६ | सिएफएलजी साझेदारहरूको संजाल निर्माण कार्यक्रम | ९,५४०.०० | ९,५४०.०० | |
| ८७ | विभिन्न बैठकको भत्ता | १३५,०००.०० | १३५,०००.०० | |
| ८८ | नगर तथा वडा बालभेलाबाट माग भई आएका बालमैत्री कार्यक्रम संचालन | ७२१,३४०.०० | | |
| | जम्मा | ४,३५०,०००.०० | ३,४६४,३१९.०० | |
| | कुल जम्मा | १८,२००,०००.०० | १५,९४०,७१५.०० | |



Scanned with CamScanner